# मानव अधिकारपत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

वर्ष ८ अङ्क १६ चैत २०८२


## बन्धक बनाइ जबर्जस्ती श्रममा लगाइएका २३ भारतीय श्रमिकहरूको उद्धार






आयोगको मधेश प्रदेश कार्यालयको पहलमा सप्तरीस्थित एक इँटा उद्योगमा बन्धक बनाई जबर्जस्ती श्रममा लगाइएका २३ जना भारतीय श्रमिकको उद्धार गरी आवश्यक संरक्षण, समन्वय र प्रक्रिया पूरा गरेर सुरक्षित रूपमा परिवारको जिम्मा लगाइएको छ । उद्धार गरिएकामध्ये महिला, पुरुष, बालक तथा नावालकहरु समेत रहेका छन् ।

सप्तरीस्थित BDR इँटा उद्योगमा बालबालिका, महिला र पुरुष गरी ३१ जना भारतीय नागरिकहरुलाई बन्धक बनाई जबरजस्ती श्रममा लगाइएको भन्दै उनीहरुको उद्धारको लागि २०८२ चैत्र ३ गते आयोगको केन्द्रीय कार्यालयमा अनलाइनमार्फत उजुरी प्राप्त भएको थियो । उक्त उजुरी कार्यक्षेत्रअनुसार आयोगको मधेश प्रदेश कार्यालय, जनकपुरमा पठाइएपछि उजुरीको गाम्भीर्यतालाई ध्यानमा राखी मधेश प्रदेश कार्यालयबाट तत्काल प्रारम्भिक सूचना संकलन र सरोकारवाला निकायहरूसँगको समन्वयमा चैत्र ५ गते स्थलगत अनुगमन गरिएको थियो ।

आयोगको मधेश प्रदेश कार्यालय प्रमुखको नेतृत्वमा बाल अधिकार संरक्षण परिषद्, शान्ति तथा पुनर्स्थापना केन्द्र, धनुषासँगको सहकार्यमा गठित अनुगमन टोलीले इँटा उद्योगमा पुगेर पीडित श्रमिक, सञ्चालक, जनप्रतिनिधि तथा सम्बन्धित सरोकारवालासँग छलफल तथा सोधपुछ गरेको थियो । साथै सुरक्षा व्यवस्थापन र कानुनी प्रक्रियाका लागि जिल्ला प्रहरी कार्यालय सप्तरी र धनुषा तथा श्रम कार्यालयसँग आवश्यक समन्वय गरिएको थियो ।

अनुगमनका क्रममा दुई जना बालक (१८ बर्ष मुनिका) श्रमिकका रूपमा कार्यरत रहेको, साना बालबालिकासहित परिवारहरू जोखिमपूर्ण अवस्थामा रहेको, लिखित श्रम सम्झौताबिना इच्छाविपरीत काममा लगाइएको, उचित पारिश्रमिक, स्वास्थ्य उपचार, सुरक्षा तथा आधारभूत श्रम अधिकार सुनिश्चित नगरिएको पाइएको थियो । श्रमिकहरूलाई असुरक्षित आवासमा राखिएको, श्रमिकहरूको स्वतन्त्र आवतजावतसमेत सीमित गरिएको तथा ठेकेदारमार्फत ल्याइएका श्रमिकको अवस्थाबारे स्पष्ट कानुनी प्रक्रिया अवलम्बन नभएको तथ्य समेत फेला परेको थियो ।

त्यसैगरी श्रमिकहरुसँग बुझ्दा पर्याप्त भोजन, उपचार र पारिश्रमिकबाट वञ्चित रहेको, जबरजस्ती श्रममा लगाइएको तथा गुनासो सुनुवाइको प्रभावकारी संयन्त्र नरहेको लगायतका गुनासो प्राप्त भएका थिए । प्रत्येक मजदुरले खानाका लागि साप्ताहिक एक हजार रुपैयाँ पाउने गरे पनि श्रमबापत पारिश्रमिक नपाएको टोलीसमक्ष बताएका थिए ।




अनुगमनका क्रममा ईंटा उद्योग सञ्चालकसँगको सोधपुछबाट श्रमिकहरू ठेकेदारमार्फत ल्याइएको, कम्पनी र ठेकेदारबीच पुरानो सम्झौता भए पनि श्रमिकहरुको हकमा श्रम सम्बन्ध, सेवा-सुविधा, औषधोपचार तथा श्रमिक संरक्षणसम्बन्धी स्पष्ट कानुनी प्रबन्ध र सम्झौता नभएको तथ्यहरु टोलीले प्राप्त गरेको थियो ।

उल्लिखित तथ्यका आधारमा श्रमिकहरू न्यूनतम श्रम अधिकारबाट समेत वञ्चित रहेको, बालश्रम, असुरक्षित बसोबास, स्वास्थ्य जोखिम, अपर्याप्त र अस्वस्थकर खाना, अनुपयुक्त कार्यपरिवेश, गतिविधिमा निगरानी, बजार पहुँचमा नियन्त्रण तथा बाध्यकारी श्रमको अवस्था आदि देखिएको र यस्ता बिषयहरु मानव अधिकार बिरुद्ध भएकोले उनीहरुको मानव अधिकार संरक्षणको लागि



आयोगले पीडित श्रमिकहरुलाई उद्धार गर्ने निष्कर्षमा पुगेको थियो ।

उद्धारपछि श्रमिकहरूलाई शान्ति तथा पुनर्स्थापना केन्द्रको सहयोगमा अस्थायी रूपमा सुरक्षित आवासमा राखी नेपाल प्रहरीको सुरक्षा उपलब्ध गराइएको थियो । आवश्यक समन्वय तथा प्रक्रिया पुरा गरी उनीहरूलाई भारत फर्काइएको र सबैजना परिवारको सम्पर्कमा पुगेको जानकारी आयोगलाई प्राप्त भएको छ ।

नेपालको संविधानले सुनिश्चित गरेको शोषणविरुद्धको हक, सम्मानजनक श्रमको अधिकार तथा बालश्रम निषेधसम्बन्धी प्रावधान, राष्ट्रिय श्रम कानुन तथा अन्तराष्ट्रिय श्रम संगठनका बाध्यकारी श्रमसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको दृष्टिले यस्ता अभ्यास अस्वीकार्य छन् । सुरक्षित, न्यायोचित र मर्यादित कार्यपरिवेश, उचित पारिश्रमिक, श्रम सम्झौता र श्रमिक संरक्षण श्रमिकका आधारभूत अधिकार भएपनि व्यवहारमा कार्यान्वयन नभएको तथ्यलाई यस घटनाले उजागार गरेको छ ।

साथै, श्रमिक अधिकार संरक्षण, बाध्यकारी श्रम उन्मूलन तथा श्रम आपूर्ति प्रणालीको प्रभावकारी नियमन र अनुगमनको आवश्यकता पुनः उजागर गरेको छ । श्रम शोषण, बन्धक श्रम तथा मानव अधिकार उल्लङ्घनप्रति शून्य सहनशीलताको नीति र श्रमसम्बन्धी कानुनी प्रबन्धको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको देखिएको छ ।

## BDR इँटा उद्योगबाट उद्दार गरिएका भारतीय नागरिकहरुको बिवरण

### महिला

| क्र.स. | विवरण | उमेर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | चम्पा बिश्वास | २८ बर्ष | धुब्री जिल्ला आसाम ,बोक्सियाथाना ,छोरोगुमा , | पति गोहुरुंगा सेन : |
| २. | हस्नारा खातुन | ४० बर्ष | नगाउँ जिल्ला ,सुनारी पंचायतनौगाड , | |
| ३. | एलिजा खातुन | ३० बर्ष | लाहुरी घाट आसाम ,दुम्कोरा पंचायत , | |
| ४. | सजदा खातुन | २२ बर्ष | वय गाउँ आसाम , | |
| ५. | सुजाता रोय | २२ बर्ष | कुचबिहार जिल्ला वंगाल ,चिलियाखाना पंचायत , | पति उज्ज्वल बर्मन : |
| ६. | रहिमा खातुन | २४ बर्ष | चिलिया कोकोराझार आसाम , | |
| ७. | मोजलिमा वीवी | २६ बर्ष | पगलाहाट आसाम ,उत्तर कासोखाना , | पति आमिर हुसेन : |
| ८. | जाहिरा वीवी | ३० बर्ष | गोरिपुर आसाम | पति आस्मत अलि : |
| ९. | फतिमा वीवी | ३५ बर्ष | कोकराझार आसाम ,काजि गाउँ , | |
| १०. | नाजमा खातुन | ३० बर्ष | कोकराझारआसाम , | पति (फेला नपरेको) मोजिबुर रहमान : |
| ११. | पारुल मनी दास | ३५ बर्ष | कुचबिहार जिल्लावंगाल , | |
| १२. | वानु वीवी | २८ बर्ष | पार्सुका आसाम , | |

### पुरुष

| क्र.स. | विवरण | उमेर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | गोहुरुंगा सेन | २४ बर्ष | धुब्री जिल्लाआसाम ,बोक्सियाथाना ,छोरोगुमा , | पत्नी :चम्पा बिश्वास |
| २. | रमोद अलि | ३२ बर्ष | नगाउँ जिल्लानौगाड ,सुनारी पंचायत , | |
| ३. | महिबुल शेख | ३२ बर्ष | धोपुरी ग्राम आसाम , | |
| ४. | उज्ज्वल बर्मन | ३३ बर्ष | कुचबिहार जिल्लावंगाल ,चिलियाखाना पंचायत , | पत्नी सुजाता राय बर्मन : |
| ५. | आमिर हुसेन | २६ बर्ष | पगलाहाट आसाम ,उत्तर कासोखाना , | पत्नीमोजलिमा वीवी : |
| ६. | अस्मत अलि | ३८ बर्ष | पगलाहाट आसाम ,धौवरी जिल्ला , | पत्नीजाहेरा वीवी : |
| ७. | जाकीर हुसेन शेख | ३९ बर्ष | पगलाहाट आसाम ,धौवरी जिल्ला , | |

### वालक

| क्र.स. | विवरण | उमेर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | रासिदुल रहमान | १७ बर्ष | पगलाहाट ,धौवरी जिल्ला , आसाम | बाबु आमा : |
| २. | मोनिरुद्दीन शेख | १४ बर्ष | कोकरझार जिल्ला आसाम , | बाबु आमा: |

### नावालक/नावालिका

| क्र.स. | विवरण | उमेर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | अबु वकर सिद्दिकी | (F)३ बर्ष | दार्सुकाआसाम , | आमा बानु वीवी : |
| २. | राहुल हुसेन | (M)३ बर्ष | कोकराझारआसाम ,जिल्ला , | बाबुआमा मोजिबुर रहमान र नाजमा खातुन : |

## विश्वव्यापी सञ्जालको वार्षिक बैठकमा आयोगको सहभागिता




राष्ट्रिय मानव अधिकार आयोगले स्विजरल्याण्डको जेनेभामा चैत १६ देखि १८ गतेसम्म (मार्च ३०-अप्रिल १, २०२६) सम्पन्न राष्ट्रिय मानव अधिकारसम्बन्धी संस्थाहरुको विश्वव्यापी सञ्जाल (GANHRI) को वार्षिक बैठकमा सहभागिता जनाएको छ । आयोगका तर्फबाट मा. सदस्य डा. लिली थापा र सचिव मुरारिप्रसाद खरेलले सहभागिता जनाउनुभएको हो ।

सोही बैठकबाट आयोगले राष्ट्रिय मानव अधिकार संस्था (NHRI) को 'क' श्रेणी ('A' Status) को मान्यताप्राप्त प्रमाणपत्र प्राप्त गरेको छ । उक्त मान्यता प्राप्तिसँगै आयोगको अन्तर्राष्ट्रिय विश्वसनीयता र मानव अधिकार संरक्षण तथा प्रवर्द्धनमा संस्थागत प्रतिबद्धता थप सुदृढ भएको छ । वार्षिक बैठकमा मा. सदस्य डा. थापाले आवागमनमा रहेका व्यक्तिहरू (People on the Move) को अधिकार संरक्षणसम्बन्धी नेपालका असल अभ्यासहरू प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी सचिव खरेलले सम्बोधन गर्दै मानव अधिकारको प्रवर्द्धन र संरक्षणका लागि सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्मको प्रभावकारी उपयोगसम्बन्धी राष्ट्रिय मानव अधिकार आयोग, नेपालको अनुभव प्रस्तुत गर्नुभएको थियो ।

बैठकमा सहभागी हुने क्रममा आयोगको टोलीले एशिया-प्रशान्त क्षेत्रका राष्ट्रिय मानव अधिकार संस्थाहरूबीचको क्षेत्रीय बैठकमा सहभागिता जनाएको थियो । साथै मंगोलिया र कोरियाका राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग द्विपक्षीय बैठक गरी अनुभव आदानप्रदान तथा आपसी सहकार्यका विषयमा छलफल गरेको थियो ।

सो अवसरमा टोलीले संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय (OHCHR) का पदाधिकारीहरूसँग छलफल गर्नुका साथै जेनेभास्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगका प्रतिनिधिहरूसँग पनि भेटघाट तथा छलफल गरेको थियो । उक्त भेटमा मानव अधिकारका अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको सहभागिता र समन्वयलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो ।




उक्त सहभागिता र छलफलले आयोगको भूमिका, विश्वसनीयता तथा अन्तर्राष्ट्रिय समन्वय र सहकार्यलाई थप सुदृढ बनाउन योगदान पुगेको छ ।

## मानव बेचबिखनविरुद्ध अधिकारसम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०८२ सावजनिक



आयोगले चैत्र ३० गते एक कार्यक्रमकाबिच मानव बेचबिखनविरुद्ध अधिकारसम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०८२ सार्वजनिक गर्दै मानव बेचबिखन नियन्त्रणका लागि प्रभावकारी कानुनी कार्यान्वयन, पीडित-केन्द्रित संरक्षण र अन्तरनिकाय समन्वय सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याएको छ ।

आयोगले स्थापनाकालदेखि मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रत्याभूति सुनिश्चित गर्ने आफ्नो संवैधानिक जिम्मेवारीअन्तर्गत सन् २००५ देखि मानव बेचबिखनसम्बन्धी आवधिक प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । सोही निरन्तरतामा आर्थिक वर्ष

२०७९/८०, २०८०/८१ र २०८१/८२ का तथ्य र प्रवृत्तिहरू समेटिएको यस प्रतिवेदन सार्वजनिक गरिएको हो ।

प्रतिवेदनअनुसार मानव बेचबिखनबाट प्रभावितमध्ये ९९ प्रतिशत नेपाली नागरिक रहेका छन् र यो समस्या देशका अधिकांश जिल्लामा फैलिएको देखिएको छ । प्रभावितहरू विशेषगरी यौन शोषण, ओसारपसार तथा श्रम शोषणको जोखिममा पर्ने गरेको अध्ययनले देखाएको छ । नेपालका विभिन्न क्षेत्रसँगै मध्यपूर्वका मुलुकहरू प्रमुख गन्तव्यका रूपमा देखिएका छन् भने भारत प्रमुख ट्रान्जिट मार्गका रूपमा प्रयोग भएको प्रतिवेदनले औंल्याएको छ ।

प्रतिवेदनले झूटो आश्वासन, वैदेशिक रोजगारीको प्रलोभन, सूचनाको अभाव र सामाजिक-आर्थिक असुरक्षाका कारण जोखिममा रहेका समुदायहरू मानव तस्करीको चपेटामा पर्ने गरेको उल्लेख गरेको छ । विशेषगरी आप्रवासी श्रमिकमाथि हुने तस्करीजन्य शोषण बढ्दो चिन्ताको विषय रहेको प्रतिवेदनले जनाएको छ ।

संयुक्त राष्ट्रसंघको पक्षराष्ट्रका रूपमा नेपालले मानव बेचबिखन रोकथाम, नियन्त्रण र पीडित संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय दायित्व (पालेर्मो प्रोटोकल) प्रभावकारी रूपमा कार्यान्वयन र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लगायतका कानुनी प्रबन्ध कार्यान्वयनमा अझ प्रभावकारिता आवश्यक रहेको प्रतिवेदनले देखाएको छ ।

प्रतिवेदनले कानुनी तथा नीतिगत व्यवस्था रहे पनि कार्यान्वयन कमजोर रहनु, न्यायमा ढिलाइ, पीडितमैत्री सेवामा सीमितता, पुनर्स्थापना सेवा र बजेटको अपर्याप्तता अझै चुनौतीका रूपमा रहेको उल्लेख गरेको छ। प्रतिवेदनले मानव बेचबिखन नियन्त्रणका लागि प्रभावकारी नीति कार्यान्वयन, दण्डहीनताको अन्त्य, सुरक्षित आप्रवासन, पीडित-केन्द्रित पुनर्स्थापना तथा बहु-क्षेत्रीय समन्वय अपरिहार्य रहेको जोड दिएको छ ।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा आयोगका अध्यक्षसहितका पदाधिकारीहरु, सरकारी निकायहरु, सुरक्षा निकायका प्रतिनिधिहरु, विकास साझेदार, नागरिक समाज, मानव बेचबिखनविरुद्ध क्रियाशील संघसंस्था तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा मानव बेचबिखनलाई मानव अधिकारको गम्भीर उल्लङ्घनका रूपमा सम्बोधन गर्दै रोकथाम, संरक्षण, अभियोजन र साझेदारीका चारै आयाममा राज्यको प्रतिबद्धता सुदृढ गर्नुपर्नेमा जोड दिइएको थियो ।

आयोगले प्रतिवेदनमार्फत मानव बेचबिखनविरुद्धको राष्ट्रिय प्रयासलाई थप सुदृढ बनाउन नीतिगत तथा व्यवहारिक मार्गदर्शन प्रदान गर्ने विश्वास व्यक्त गरेको छ ।

## व्यवसाय र मानव अधिकारसम्बन्धी छलफल कार्यक्रम




आयोगको कोशी प्रदेश कार्यालयले व्यवसाय र मानव अधिकारको अवस्था सम्बन्धी अनुगमनका निष्कर्षका आधारमा चैत्र २५ गते विराटनगरमा व्यवसाय र मानव अधिकार सम्बन्धी बहुपक्षीय छलफल कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमले जिम्मेवार व्यवसायिक अभ्यास, मानव अधिकारको सम्मान तथा राज्य, निजी क्षेत्र र अन्य सरोकारवालाबीच समन्वय सुदृढ गर्नुपर्ने आवश्यकतामा जोड दिएको छ ।

कोशी प्रदेशका विभिन्न जिल्लाका ३३ वटा खाद्य उत्पादन तथा प्रशोधन उद्योगमा गरिएको स्थलगत अनुगमनपछि आयोजित कार्यक्रममा व्यवसायिक गतिविधि र मानव अधिकारबीचको सम्बन्ध, विशेषगरी श्रमिक अधिकार, उपभोक्ता अधिकार, महिला तथा बालबालिकाको अधिकार, वातावरणीय अधिकार तथा नियामक उत्तरदायित्वका विषयमा व्यापक छलफल भएको थियो । अनुगमन खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको प्राविधिक सहकार्यमा सम्पन्न भएको थियो ।

कार्यक्रममा संयुक्त राष्ट्र संघद्वारा सन् २०११ मा जारी व्यवसाय र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको अवधारणा तथा नेपालको व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्थाबारे प्रस्तुतीकरण गरिएको थियो । प्रस्तुतिहरूले व्यवसाय सञ्चालनमा मानव अधिकारको सम्मान,

जोखिम न्यूनीकरण तथा जवाफदेहितामूलक अभ्यासको प्रवर्द्धन आवश्यक रहेको औंल्याएका थिए ।

कार्यक्रममा कोशी प्रदेश सरकारका उद्योग, कृषि तथा सहकारी मन्त्री, प्रदेशका प्रमुख सचिव, स्थानीय तहका प्रतिनिधि, उद्योग वाणिज्य क्षेत्र, औद्योगिक प्रतिष्ठान, सरकारी निकाय, नागरिक समाज, मानव अधिकारकर्मी तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो । सहभागीहरूले नीति कार्यान्वयन, नियमित अनुगमन, नियमन तथा निजी क्षेत्रको उत्तरदायी भूमिकालाई थप प्रभावकारी बनाउने विषयमा धारणा राखेका थिए ।

छलफलका क्रममा उद्योग क्षेत्रमा श्रम अधिकार संरक्षण, खाद्य गुणस्तर, सुरक्षित कार्यपरिवेश, उपभोक्ता संरक्षण र वातावरणीय उत्तरदायित्वलाई मानव अधिकारसँग जोडेर हेर्नुपर्ने आवश्यकता औंल्याइएको थियो । प्रदेश सरकारका प्रतिनिधिहरूले नीति कार्यान्वयन, बजेट व्यवस्थापन र समन्वय सुदृढीकरणमा प्रतिबद्धता व्यक्त गरेका थिए भने निजी क्षेत्रका प्रतिनिधिहरूले जिम्मेवार व्यवसायिक अभ्यास प्रवर्द्धन र आवश्यक सुधारका लागि सहकार्य गर्ने प्रतिबद्धता जनाएका थिए ।

आयोगले व्यवसाय र मानव अधिकारबीचको सम्बन्धलाई केवल नियमन वा अनुपालनको विषय मात्र नभई मानव अधिकारमैत्री विकासको आधारका रूपमा स्थापित गर्नुपर्ने उल्लेख गरेको छ । कार्यक्रमले बहुपक्षीय संवादमार्फत साझा अवधारणा विकास गर्दै व्यवसायिक गतिविधिमा मानव अधिकारको मूलप्रवाहीकरणका लागि महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

आयोगको कोशी प्रदेश कार्यालय प्रमुख वीर बहादुर बुढा मगरको



अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको प्रमुख अतिथि कोशी प्रदेश सरकारका उद्योग, कृषि तथा सहकारी मन्त्री माननीय इन्स्राइल मन्सुरी रहनु भएको थियो । कार्यक्रममा कोशी प्रदेश सरकारका प्रमुख सचिव राजेन्द्र कुमार पौडेल, बुढीगंगा गाउँपालिकाका उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष, नेपाल उद्योग परिसंघका वरिष्ठ उपाध्यक्ष, विभिन्न औद्योगिक संगठनका प्रमुख तथा प्रतिनिधि, विभिन्न औद्योगिक प्रतिष्ठानका व्यवस्थापक तथा प्रतिनिधि, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज तथा मानव अधिकारकर्मीहरू लगायत सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

## व्यवसाय र मानव अधिकार अवस्थाको अनुगमन

राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालयले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको समन्वयमा व्यवसाय र मानव अधिकार अवस्थासम्बन्धी अनुगमन सम्पन्न गरेको छ । संयुक्त राष्ट्रसंघद्वारा जारी व्यवसाय र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड, २०११ (UNGPs) लाई आधार बनाई मोरङ, सुनसरी, झापा, इलाम, उदयपुर र धनकुटा जिल्लाका ३३ वटा खाद्य उत्पादन तथा प्रशोधन उद्योगमा अनुगमन गरिएको हो ।

अनुगमनका लागि आयोगले खाद्य अनुसन्धान निरीक्षकसहित दुई छुट्टाछुट्टै संयुक्त अनुगमन टोली परिचालन गरेको थियो । अनुगमनमा सरकारी, सहकारी तथा निजी स्वामित्वका साना, मझौला र ठूला उद्योगहरू समेटिएका थिए, जसमा दैनिक उपभोग्य वस्तुको उत्पादन तथा प्रशोधनसँग सम्बन्धित उद्योगहरू समावेश थिए ।



व्यवसायिक क्षेत्र आर्थिक विकासको महत्वपूर्ण आधार भए पनि मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धन सुनिश्चित गर्नु आवश्यक रहेको सन्दर्भमा आयोगले UNGPs का तीन स्तम्भ– मानव अधिकार संरक्षणमा राज्यको कर्तव्य, मानव अधिकार



सम्मान गर्ने व्यवसायको जिम्मेवारी तथा पीडितको न्यायमा पहुँच–का आधारमा स्थलगत अनुगमन गरेको हो । अनुगमनका क्रममा औद्योगिक प्रतिष्ठानका प्रमुख तथा प्रतिनिधि, श्रमिक, ट्रेड युनियन र उद्योग आसपासका समुदायसँग सोधपुछ गरी तथ्य संकलन गरिएको थियो ।

अनुगमनबाट राज्यले मानव अधिकार संरक्षणका लागि नीति, संरचना, बजेट तथा कार्यक्रममार्फत प्रयास गरिरहेको र नियमित तथा आकस्मिक अनुगमन तथा नियमनसमेत हुँदै आएको पाइएको छ । यद्यपि सरकारी निकायमा अनुगमनका लागि आवश्यक स्रोत र जनशक्तिको अभाव रहेको तथ्य पनि देखिएको छ ।

अनुगमन गरिएका अधिकांश उद्योगहरू कानुनी मापदण्डअनुसार सञ्चालनमा रहेको, श्रमिकलाई समयमै पारिश्रमिक उपलब्ध गराउने गरेको, खाद्य गुणस्तर समग्रमा सन्तोषजनक रहेको तथा रोजगारी सिर्जना र अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको पाइएको छ ।

तर विशेषगरी साना तथा मझौला उद्योगहरूमा वातावरणीय व्यवस्थापनमा कमजोरी, करिब ५१ प्रतिशत उद्योगमा वातावरणीय अध्ययन प्रतिवेदन (IEE/EIA) को अभाव, श्रम आपूर्तिकर्तामार्फत कार्यरत श्रमिकका लागि सामाजिक सुरक्षा तथा ट्रेड युनियन पहुँचमा असमानता, साथै उद्योगस्तरीय गुनासो व्यवस्थापन प्रणाली कमजोर रहेको तथ्य अनुगमनमा पाइएको छ ।

अनुगमनबाट व्यवसाय र मानव अधिकारबीचको कानुनी अवस्था समग्रमा सकारात्मक देखिए पनि व्यवहारिक कार्यान्वयनका पक्षमा थप सुधारको आवश्यकता रहेको निष्कर्ष निकालिएको छ ।

## विश्वव्यापी आवधिक समीक्षा र सिड समितिका सिफारिससम्बन्धी अन्तरक्रिया



आयोगको कर्णाली प्रदेश कार्यालय, सुर्खेत, सेभ द चिल्ड्रेन (Save the Children) र सीसीआरडी (CCRD) , कर्णालीको संयुक्त आयोजनामा मानव अधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षा (UPR) तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW) समितिले नेपाल सरकारलाई दिएका सिफारिसहरूको कार्यान्वयन अवस्थाबारे सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। २०८२ चैत ११ गते सुर्खेतमा आयोजित कार्यक्रममा उक्त सिफारिसहरूको कार्यान्वयन प्रगति, चुनौती र प्रदेशस्तरमा कार्यान्वयनको अवस्थाबारे छलफल गरिएको हो ।

कार्यक्रममा कर्णाली प्रदेश सभा सामाजिक विकास समितिका सभापति पूर्णबहादुर खत्री, प्रदेश मामिला समितिका सभापति कल्याणी खड्का, प्रदेश सभा सदस्य उर्मिला विश्वकर्मा, विभिन्न मन्त्रालयका अधिकारीहरु, इन्सेक कर्णाली प्रदेश कार्यालय संयोजक नारायण सुवेदी, मानव अधिकार संञ्जाल सुर्खेतका संयोजक पिताम्बर ढकाल, मानव अधिकारकर्मी, नागरिक समाज, यौनिक तथा लैंगिक अल्पसंख्यक संस्थाका प्रतिनिधि तथा विभिन्न संघसंस्थाका प्रतिनिधिसहित ३० जनाको सहभागिता रहेकोथियो ।

कार्यक्रममा आयोगको कर्णाली प्रदेश कार्यालयका कार्यालय प्रमुख रमेश कुमार थापा र अधिकृत रामप्रसाद उपाध्यायले UPR तथा CEDAW समितिका सिफारिसहरूको कार्यान्वयन अवस्थाबारे सहजीकरण गर्नुभएको थियो । छलफलमा मानव अधिकार संरक्षण, लैंगिक समानता तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयनका लागि राज्यका निकाय, नागरिक समाज तथा सरोकारवालाबीच समन्वय र सहकार्य सुदृढ गर्नुपर्नेमा जोड दिइएको थियो ।

साथै, अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रबाट प्राप्त सिफारिसहरूको प्रभावकारी कार्यान्वयन तथा अनुगमनलाई थप सुदृढ बनाउन निरन्तर संवाद र सहकार्यको माध्यमबाट थप सुदृढ बनाउनुपर्ने आवश्यकता औल्याइएको थियो ।

## आयोगबाट इन्टर्नहरुलाई अभिमुखीकरण

राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय, पोखराले पृथ्वी नारायण बहुमुखी क्याम्पसबाट इन्टर्नसीपका लागि आयोगमा पठाएका विधार्थीहरुका लागि मिति २०८२ चैत ९ गते अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ ।

आयोगको गण्डकी प्रदेश कार्यालय प्रमुख नीतु गर्तौला र मानव अधिकार अधिकृत टंकप्रसाद खनालले आयोगको काम कर्तव्य र अधिकार, मानव अधिकारका सवालहरु तथा मानव अधिकार रक्षकका विषयमा इर्न्टनहरुलाई अभिमुखीकरण गर्नुभएको थियो । पृथ्वी नारायण बहुमुखी क्याम्पस पोखराको वीएएलएलवी १० औं सेमेष्टरमा अध्ययनरत छात्र-छात्रा गरी ७ जना मानव अधिकारका विषयमा अध्ययनका लागि इर्न्टनसीपमा सहभागी रहेका छन् । कुल ४५ दिनको इन्टर्नसीप पश्चात सहभागीहरुले उक्त अवधिमा आफू सहभागी भएको तथा मानव अधिकारका बारेमा गरिएको अध्ययनको प्रतिवेदन तयार गरी आयोग र क्याम्पसमा पेश गर्ने छन् ।



## पूर्व प्रधानमन्त्री र पूर्व गृहमन्त्री पक्राउ सम्बन्धमा अनुगमन



पूर्व प्रधानमन्त्री केपी शर्मा ओली, पूर्व गृहमन्त्री रमेश लेखकलगायतलाई पक्राउ गरिएको घटनासम्बन्धमा आयोगको टोलीले स्थलगत अनुगमन गरेको छ । आयोगका मानव अधिकार अधिकृतहरू खिमानन्द बस्याल, अम्बिका घिमिरे र तारादेवी वाग्लेको टोलीले चैत्र १६ गते त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, २ नं. गण महाराजगञ्ज र केन्द्रीय अनुसन्धान ब्युरोमा पुगी पक्राउमा परेका व्यक्तिहरुको मानव अधिकार अवस्थाको बारेमा जानकारी लिएको हो ।

गत भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनको छानबिनका लागि गठित कार्की आयोगको सिफारिस कार्यान्वयनको सन्दर्भमा नयाँ गठित सरकारले पूर्व प्रधानमन्त्री ओलीलाई चैत्र १३ गते र पूर्व गृहमन्त्री लेखकलाई चैत्र ... गते पक्राउ गरेको थियो ।

अनुगमनका क्रममा पूर्व प्रधानमन्त्री ओली उपचारका लागि त्रिवि

शिक्षण अस्पतालमा रहेको, स्वास्थ्य अवस्थाबारे चिकित्सकीय निगरानी भइरहेको तथा परिवारका सदस्य र कानुन व्यवसायीसँग भेटघाटको सुविधा उपलब्ध रहेको पाइएको थियो । पूर्व गृहमन्त्री रमेश लेखकको हकमा पनि परिवार र कानुन व्यवसायीसँग सम्पर्क तथा स्वास्थ्य अवस्थाको निगरानी भइरहेको जानकारी प्राप्त भएको थियो ।

अनुगमनबाट पक्राउ गरिएका व्यक्तिहरूलाई पक्राउ पूर्जीका आधारमा नियन्त्रणमा लिइएको, स्वास्थ्योपचारको व्यवस्था गरिएको, परिवारका सदस्य तथा कानुन व्यवसायीसँग भेट गर्न दिइएको तथा अदालतबाट नियमित म्याद थप हुँदै अनुसन्धान प्रक्रिया अघि बढिरहेको पाइएको थियो । त्यसैगरी नेपालको संविधानको न्यायसम्बन्धी हक तथा बन्दी अधिकारका प्रावधानहरूको समग्र पालना भएको अनुगमनमा पाइएको थियो ।

सोही क्रममा माइतीघर तथा बानेश्वर क्षेत्रमा निजहरुको पक्राउको विरोधमा भएको प्रदर्शनको समेत आयोगले अनुगमन गरेको थियो । अनुगमनका क्रममा प्रदर्शन कार्यक्रम शान्तिपूर्ण रूपमा सम्पन्न भएको र अवस्था सामान्य रहेको पाइएको थियो ।

आयोगले मानव अधिकार संरक्षण, न्यायिक प्रक्रियाको सम्मान तथा राज्यका निकायबाट संयमित र अधिकारमैत्री व्यवहार कायम राख्नुपर्ने आवश्यकतामा जोड दिँदै आएको छ ।

## आयोगद्वारा अन्तर्राष्ट्रिय विद्यार्थीसँग अन्तरसंवाद



राष्ट्रिय मानव अधिकार आयोग, नेपालले 'काठमाडौं स्कुल अफ ल' को समन्वयमा श्रीलंका, पाकिस्तान, टिमोर-लेस्टे, बंगलादेश तथा म्यानमारका अन्तर्राष्ट्रिय विद्यार्थीहरूको अध्ययन भ्रमण टोलीसँग शैक्षिक अवलोकन तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । चैत्र ९ गते आयोगमा आयोजित कार्यक्रममा विभिन्न मुलुकका विद्यार्थीहरूलाई आयोगको भूमिका, कार्यप्रणाली तथा मानव अधिकार संरक्षण र प्रवर्द्धनका क्षेत्रमा भएका उपलब्धिबारे जानकारी गराइएको हो । कार्यक्रमले नेपालमा स्थापित संवैधानिक मानव अधिकार निकायबारे अन्तर्राष्ट्रिय समुदायमा जानकारी विस्तार गर्ने अवसर प्रदान गरेको छ ।

कार्यक्रममा आयोगका सहसचिव नवराज सापकोटाले आयोगको स्थापना पृष्ठभूमि, संवैधानिक तथा कानुनी अधिकारक्षेत्र, उजुरी दर्ता तथा छानबिन प्रक्रिया, मानव अधिकार उल्लंघनसम्बन्धी अनुसन्धान, कारागार तथा अन्य निकायहरूको अनुगमन तथा निर्वाचन अनुगमनलगायत आयोगका विविध कार्यक्षेत्रबारे प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँले मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि आयोगले सरकार, नागरिक समाज तथा अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहकार्य गर्दै आएको जानकारी गराउनुभयो । त्यसपश्चात आयोजित अन्तरक्रिया कार्यक्रममा आयोगका सचिव मुरारी खरेलले सहभागी विद्यार्थीहरूको जिज्ञासाको जवाफ दिँदै नेपालमा मानव अधिकारको अवस्था, चुनौती र अवसरबारे प्रकाश पार्नुभयो । उहाँले पीडितमुखी न्याय, जवाफदेहिता अभिवृद्धि तथा विधिको शासन सुदृढीकरणका लागि आयोगले निरन्तर पहल गरिरहेको बताउनुभयो । कार्यक्रममा सहभागी अन्तर्राष्ट्रिय विद्यार्थीहरूले आ-आफ्ना देशमा मानव अधिकारको अवस्था, राष्ट्रिय मानव अधिकार संस्थाहरूको संरचना, कार्यक्षमता तथा नागरिकको पहुँचका विषयमा अनुभव आदानप्रदान गरेका थिए । उनीहरूले नेपालजस्तो विविध सामाजिक संरचना भएको मुलुकमा मानव अधिकार संस्थाले निर्वाह गरिरहेको भूमिकाप्रति चासो व्यक्त गरेका थिए । यस अध्ययन भ्रमणले नेपालमा मानव अधिकार संरक्षण संयन्त्रबारे अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई प्रत्यक्ष जानकारी उपलब्ध गराउनुका साथै विभिन्न देशबीच अनुभव आदानप्रदान, आपसी समझदारी अभिवृद्धि तथा शैक्षिक सहकार्य विस्तारमा योगदान पुर्‍याएको छ । यस्ता कार्यक्रमले मानव अधिकारका सार्वभौमिक मूल्यप्रति युवापुस्तामा जागरण बढाउने विश्वास गरिएको छ ।

## विरोध कार्यक्रमको आयोगबाट अनुगमन



नेकपा एमाले जिल्ला कमिटी कास्कीले पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई सरकारले पक्राउ गरेको विरोधमा चैत १४ र १५ गते पोखरामा आयोजना गरेको प्रदर्शन तथा विरोध कार्यक्रमको आयोगको गण्डकी प्रदेश कार्यालय, पोखराले अनुगमन गरेको छ । आयोगको गण्डकी प्रदेश कार्यालय प्रमुख नीतु गर्तौला र मानव अधिकार अधिकृत टंकप्रसाद खनाल सम्मिलित टोलीले विरोध प्रदर्शन लगायतका कार्यक्रमहरुको अनुगमन गरेको हो ।

पोखराको वाइचोकबाट शुरु भएको कार्यक्रम राष्ट्रबैक चोक, शहिदचोक हुदै जिल्ला प्रशासन कार्यालयमा पुगेर कोण सभामा परिणत भएको थियो । विरोध प्रदर्शनका क्रममा कुनैपनि अप्रिय घटना नभएको तथा विरोधका कार्यक्रम अन्तर्गत प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारलाई ज्ञापन पत्र बुझाएको अनुगमनमा पाइएको थियो ।

**संकलन/सम्पादन मण्डल**

कैलाशकुमार सिवाकोटी
नेत्रबहादुर गौतम
पवन भण्डारी